राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०


वर्ष-१६ ।। अङ्क : २७० ॥ २०८१ मंसिर ०५ गते बुधबार (20th Nov 2024 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

### सभामुख घिमिरेको दुई वर्ष पूरा

## चित्तबुझ्दो काम गर्न नसकेको स्वीकार

बिर्तामोड(प्रस) । सभामुख देवराज घिमिरेले बजेट अभावका कारण निर्वाचन क्षेत्रका विकास आयोजना प्रभावित भएको बताएका छन् । संघीय सांसद निर्वाचित भएको दुई वर्ष पुगेकै दिन मंगलवार झापा क्षेत्र नम्बर २ का आधा दर्जन विकास आयोजना निरीक्षण गर्ने क्रममा सभामुख घिमिरेले मुलुकको शिथिल अर्थतन्त्रको प्रभाव विकास निर्माणमा सोझै परेको बताए । 'तुलनात्मक रुपमा झापा क्षेत्र नम्बर २ मा धेरै योजना परेका छन्, तर पनि चित्तबुझ्दो अवस्था छैन,'उनले मदन भण्डारी राजमार्ग अवलोकनका क्रममा भने, ' तथापि मेरो प्रयास निरन्तर हुनेछ ।'

मुलुकको सर्वोच्च जनप्रतिनिधिमुलक संस्था संसदको सभामुखको रुपमा विधि निर्माणमा आफ्नो सम्पूर्ण शक्ति लगाउनुपर्ने अवस्थामा पनि निर्वाचन क्षेत्रप्रतिको दायित्वबाट पछि नहट्ने सभामुखको भनाइ छ । 'मलाई निर्वाचन जितेपछि ५ वर्ष जनताकै घरमा पुगेर बिताउँछु भन्ने थियो, परिस्थितिले सभामुख भएपछि भेटघाट कम भएको छ,' उनले भने, 'तर, जिल्लाको विकासमा काठमाडौंबाटै धेरैभन्दा धेरै पहल गर्ने अवसर पनि



मिलेको छ ।'

सभामुख घिमिरे चार दिनको कार्यक्रम बनाएर आइतवार बिर्तामोड आएका थिए । पूर्वसभामुख दमननाथ ढुंगानाको निधनमा अन्तिम श्रद्धाञ्जली अर्पण गर्न सोमबार काठमाडौं पुगेर सोही दिन साँझ पुनःझापा आएका छन् ।

संसद अधिवेशन नभएको र संसदीय गतिविधि कम भएको अवस्थामा सभामुख घिमिरेले जिल्लाको विकास आयोजनालाई प्राथमिकता दिँदै आएका छन् । आइतबार झापा आएलगत्तै बिर्तामोड र कनकाई क्षेत्रको अवलोकनमा निस्किएका घिमिरेले सोमबार निर्माण तयारीमा रहेको सुपारी प्रशोधन केन्द्रको अवलोकन गरेका थिए । मंगलबार बिहानदेखि राति अबेरसम्म घिमिरे प्रदेश सभा सदस्य चिन्तन पाठकसहित राजनीतिक दलका अगुवा, आयोजनाका अधिकारीहरूसहित निर्वाचन क्षेत्र अन्तगर्तका विभिन्न आयोजनामा पुगेका थिए ।

सभामुख घिमिरेले अर्जुनधारा ११ स्थित बुट्टाबारीबाट सालबारी हुँदै कालिकास्थान जोड्ने सडकको स्थलगत अवलोकन गरे । कालोपत्रे हुन नसकेर रोकिएको ९ दशमलव २ किलोमिटर लामो सडकको काम अगाडि बढाउने क्रममा सभामुखले सम्बद्ध पक्ष तथा स्थानीयसँग अन्तरक्रिया गरेका थिए । कार्यक्रममा निर्माण पक्षले आगामी असारसम्ममा निर्माण सम्पन्न हुने जानकारी दिएको थियो ।

सभामुखले मंगलबार नै मदन भण्डारी राजमार्गको शनिश्चरेदेखि मेचीनगर हुँदै इलामसम्मको क्षेत्र अवलोकन गरेका थिए । उनले सडक क्षेत्रका विभिन्न स्थानीयसँग अन्तरक्रिया गर्दै सुझाव लिएका थिए । आयोजनाका लागि बजेट अभाव नभएपनि निर्माण सुस्तता भएकोमा चिन्ता व्यक्त गर्दै सभामुख घिमिरेले प्राविधिक समस्या समाधान गर्न मन्त्रालयको नेतृत्वसँग छलफल गर्ने बताए ।

घिमिरेले हात्ती आतंक कम गर्न आफ्नो पहलमा भएको इलेक्ट्रिक फेन्सिङसम्बन्धी कामको प्रगतिबारे जानकारी लिएका थिए । इलेक्ट्रिक फेन्सिङ प्रविधि प्रभावकारी भएको बताउँदै उनले थप क्षेत्रमा विस्तारका लागि पहल गर्ने जानकारी दिए ।

सभामुख घिमिरेले अर्जुनधारा ८ स्थित टोपीचौक लगायतका सडक निरीक्षण गरे । टोपीचौकमा स्थानीयले सभामुखको स्वागतमा कार्यक्रम आयोजना गरेका थिए ।

सभामुख घिमिरे बुधबार पनि झापाका विभिन्न कार्यक्रममा सहभागी भएर साँझ काठमाडौं फर्कने कार्यक्रम छ ।

## बिर्तामोड र कचनकवल प्रमुख प्रशासकीय अधिकृतविहीन




झापा(प्रस) ।झापाको बिर्तामोड नगरपालिका र कचनकवल गाउँपालिका यतिखेर प्रमुख प्रशासकीय अधिकृतविहीन छन् । बिर्तामोड नगरपालिकामा करिव डेढ महिनादेखि प्रमुख प्रशासकीय अधिकृत छैनन् भने कचनकवल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतले छोडेर हिडेको करिव तीन साता हुन लाग्यो । बिर्तामोडका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडाले गत असोज १७ गते सरुवा लिएर जिल्ला समन्वय समिति भक्तपुर गएपछि उनको ठाउँ रिक्त छ । करिव डेढ महिना भइसक्दा पनि अब नयाँ प्रमुख प्रशासकीय अधिकृत को आउने भनेर टुंगो लागेको छैन । मिलन भट्टराई , कृष्ण सुवेदी , सागर मिश्रलगायतको नाम चर्चामा रहेपनि कसैको पनि टुंगो लागिनसकेको नगरपालिका स्रोतले बताएको छ। उता कचनकवल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुण्यप्रसाद पौडेल कात्तिकको दोस्रो साता छोडेर हिडेका हुन् । उनले कचनकवलमा करिव एक महिना मात्र काम गर्न सके । सुवाषचन्द्र सुमनपछि उनी प्रमुख प्रशासकीय अधिकृत भएर आएका थिए । सुमनले करिव १० महिना काम गरेका थिए । त्यसअघिका हिराकुमारी यादव र कुमार बस्नेतले पनि लामो समय काम गर्न सकेनन् ।

बिर्तामोडमा विनोदकुमार न्यौपाने गएपछि राधाकृष्ण खतिवडा आएका थिए । उनले ६ महिनामै सरुवा लिएर गए । बिर्तामोड नगरपालिकामा यसअघिका प्रमुख प्रशासकीय अधिकृतहरु पशुपति खतिवडा र विनोद न्यौपानेले मात्र टिकेर काम गर्न सकेका थिए । राधाकृष्ण खतिवडाजस्तै गणेश दाहालले पनि टिकेर काम गर्न सकेनन् । दुवै पालिकाहरुमा प्रमुख प्रशासकीय अधिकृत भएर आउने खासै चाहना नराखेको बुझिएको छ । प्रमुख प्रशासकीय अधिकृतले टिकेर काम गर्न नसकेको समस्या बिर्तामोड र कचनकवलमा मात्र होइन । जिल्लाका अन्य पालिकाहरु पनि यो समस्याबाट प्रभावित छन् । एकपटक मेचीनगर नगरपालिका प्रमुख प्रशासकीय अधिकृत टिक्न नसक्ने स्थानीय तहको रूपमा बदनाम भइसकेको थियो । कार्यालय प्रमुख सबैभन्दा धेरै परिवर्तन भइरहने स्थानीय तहमध्ये मेचीनगर सबैभन्दा अग्रस्थानमा रहेको थियो । प्रमुख प्रशासकीय अधिकृतका रूपमा टेककुमार रेग्मी आएपछि पनि मेचीनगर नगरपालिका कार्यालयको हालत उही थियो ।

रेग्मीअघि राजकपुर चम्लागाईं मेचीनगरको प्रमुख प्रशासकीय अधिकृतका रूपमा आएका थिए। तर आएको केही महिना पनि नहुँदै नगरपालिकाका जनप्रतिनिधिहरूले नै उनलाई खेदाए। चम्लागाईंअघि मेचीनगरमा सुरेश दाहाल प्रमुख प्रशासकीय अधिकृतका रूपमा आए। उनी पनि धेरै समय टिक्न सकेनन्। उनले पनि पाँच महिनामै सरुवा लिएर अन्यत्र गएका थिए।

दाहालपछि लामो समय मेचीनगर प्रमुख प्रशासकीय अधिकृतविहीन बन्यो । जसोतसो गरेर आँट गरेर भए पनि आएका प्रमुख प्रशासकीय अधिकृत टिक्नै सकेनन् । प्रमुख प्रशासकीय अधिकृतका रूपमा आएका सहदेव रायमाझी, दिनानाथ लम्साललगायतको पनि छोटो समयमा नै सरुवा भएको थियो।

अलि समय टिकेका प्रमुख प्रशासकीय अधिकृत भने खेमराज ओझा र महेन्द्र खाम्याहाङ मात्र हुन्। अहिले अग्निप्रसाद अधिकारी प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा छन् । अहिले केही सहज भएको बताइन्छ । प्रमुख प्रशासकीय अधिकृतको समस्या शिवसताक्षी नगरपालिकामा पनि देखियो । त्यहाँका जनप्रतिनिधिहरुले प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राईलाई फिर्ता पठाए । उनीपछि सुनिता तुम्बाहाङ्फे प्रमुख प्रशासकीय अधिकृत भएर आएकी छन् । हल्दिवारी गाउँपालिका पनि लामो समय यो समस्याबाट प्रभावित बन्यो । तत्कालीन( हाल पनि) गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देन र उपाध्यक्ष डम्बर गिरीबीचको द्वन्द्वका कारण काम गर्ने वातावरण नहुँदा अघिल्लो कार्यकालमा हल्दिवारी गाउँपालिकामा धेरै प्रमुख प्रशासकीय अधिकृतहरुले काम छोड्नु परेको थियो । यस कार्यकालमा त्यस्तो नरहेको बताइन्छ । त्यस्तै भद्रपुर नगरपालिकामा पनि जनप्रतिनिधि र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मीवीच मनमुटाव हुँदा उनले सोचे अनुसार पूरा कार्यकाल काम गर्न सकेनन् । जनप्रतिनिधिहरुले नीतिनियम नबुझेर त्यस विपरित काम गर्न दबाब दिन खोज्दा प्रमुख प्रशासकीय अधिकृतहरु नटिकेका हुन् । आफ्नो अनुकूलमा काम गराउने गरी प्रमुख प्रशासकीय अधिकृत ल्याएर जनप्रतिनिधिहरुले स्वार्थ पूरा गर्न खोजेको गुनासो व्याप्त छ । त्यही भएर प्रमुख प्रशासकीय अधिकृतहरु नटिकेको र नयाँ पनि आउन नखोजेको कचनकवलका एक जनप्रतिनिधिले बताए ।

## साइबर अपराधको आरोपमा दुर्गा प्रसाईं फेरि पक्राउ

झापा(प्रस) । बीएण्डसी हस्पिटल बिर्तामोडका संचालक दुर्गा प्रसाईं फेरि पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीआईबी) ले प्रसाईंलाई भक्तपुरस्थित निवासबाट पक्राउ गरेको हो ।

सीआईबीका प्रवक्ता एसपी होविन्द्र बोगटीका अनुसार प्रसाईंलाई साइबर अपराधको मुद्दामा पक्राउ गरिएको हो । प्रसाईंलाई ब्युरो लगिएको प्रहरी उपरीक्षक बोगटीले जनाए ।

प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीलाई जोडेर सामाजिक सञ्जालमार्फत अफवाह फैलाएको आरोप छ। सीआईबी प्रमुख एआईजी दीपक थापाले प्रसाईंविरुद्ध साइबर अपराधमा अनुसन्धान अघि बढेको बताए । उनले भने, 'प्रसाईंविरुद्ध साइबर अपराधमा अनुसन्धान अघि बढेको छ । किर्तेमा पनि अनुसन्धान हुनसक्छ । किर्ते र संगठित अपराधमा



पनि तानिन सक्छन् ।'

सामाजिक सञ्जालमा कम्बोडियामा ओलीको लगानी रहेको भन्दै उनले सार्वजनिक गरेको कागजातमा प्रधानमन्त्री ओलीको नामसहित र नक्कली हस्ताक्षर रहेको थियो। प्रहरीले उक्त 'फेक डकुमेन्ट' प्रचारप्रसार गर्नेमाथि पनि निगरानी बढाएको छाप्रसाईले कम्बोडियामा ओलीको लगानी रहेको बिषयमा पत्रकार सम्मेलन गरेको भोलिपल्ट उनलाई भक्तपुर निवासबाट प्रहरीले पक्राउ गरेको हो ।

यसअघि काठमाडौं जिल्ला अदालतले प्रसाईँलाई विद्युतीय कारोबार ऐनअन्तर्गतको कसूरमा अनुसन्धान गर्नका लागि पक्राउ अनुमति दिएको थियो। लगत्तै पक्राउ परेका प्रसाईंलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

साइबरसम्बन्धी कसुरमा असोज १५ गते जिल्ला अदालत काठमाडौंले प्रसाईंलाई धरौटीमा छोड्न आदेश दिएको थियो। एक लाख रुपैयाँ धरौटी बुझाएर उनी छुटेका थिए। 'फेक डकुमेन्ट' को सहारामा प्रधानमन्त्री ओलीविरुद्ध दुष्प्रचार गरेको भन्दै प्रहरीले उनलाई पुनः नियन्त्रणमा लिएको हो।

उनलाई विद्युतीय कारोबार ऐनको दफा ४७ अनुसारको कसुर गरेको अभियोगमा ५ वर्ष कैद सजायको मागदावीसहित यसअघि मुद्दा दायर भएको छ। उक्त मुद्दाको फैसला आउन भने बाँकी नै छ।

## प्रेस काउन्सिलले गर्‍यो कारबाही

झापा(प्रस) । प्रेस काउन्सिल नेपालले आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ३ वटा युट्युब च्यानललाई कारबाहीका लागि साइबर ब्युरोलाई पत्राचार गरेको छ। त्यस्तै एक फेसबुक पेज र ५ युट्युब च्यानललाई त्यस्ता सामग्री हटाउन निर्देशनसहित स्पष्टीकरण सोधिएको छ।

प्रेस काउन्सिलले पूर्वी गर्जन मिडिया, सगरमाथा पाना र नेपाल लाइभ एचडीलाई कारबाहीका लागि साइबर ब्युरोमा सिफारिस गरेको हो। त्यस्तै लेकाली खबर, खबर बुलेटिन टिभी, न्युज इज नेपाल, रातोपर्दा टिभी, र गुन्द्रुक न्युजलाई स्पष्टीकरण सोधेको हो।

'सञ्चार क्षेत्रलाई व्यवस्थित, विश्वसनीय, मर्यादित र प्रतिष्ठापूर्ण बनाउन प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयन हुनुपर्छ। संविधान र कानुनले स्थापित गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पालना गर्न, गराउन साथै गल्ती सच्याउने आमसञ्चार माध्यमको प्रतिवद्धतालाई सम्मान गर्नेतर्फ काउन्सिल सदैव सचेत एवं क्रियाशील छ। आधिकारिक र विश्वसनीय सूचना प्रवाहबाट मात्र पत्रकारिता बलियो र प्रभावकारी हुन्छ। सामाजिक सञ्जालहरू पनि त्यसैका लागि सदुपयोग गर्न सके अहिले देखिएका कतिपय भ्रमहरू आफैं हट्दै जानेछन्। अभिव्यक्ति स्वतन्त्रता भनेको अराजकता र स्वच्छन्दता कदापि हैन। प्रेस काउन्सिल नेपाल पत्रकारिताका मूल्य र मान्यताविपरीत, गलत, समाजमा उत्तेजना/अफबाह फैलाउने, हिंसा, त्रास एवं द्वन्द्वलाई प्रश्रय पुर्‍याउने, प्रायोजित एवं पक्षपोषणयुक्त, गालीगलौजपूर्ण, घृणा तथा द्वेष फैलाउने सामग्री सम्प्रेषण नगर्न/नगराउन सञ्चार माध्यम र सो अन्तर्गत रहेका युट्युब च्यानल लगायतका सामाजिक सञ्जाल, आम पत्रकार, सञ्चारकर्मीसहित सामाजिक सञ्जालका प्रयोगकर्ताहरूमा पुनः आग्रह गर्दछ,' काउन्सिलले विज्ञप्ति जारी गर्दै भनेको छ।

## मेची भन्सारको राजस्व असुली घटेको घट्यै

**लक्ष्मी उप्रेती,**

मेचीनगर । पूर्वी काँकरभिट्टा नाकाबाट भारत तथा अन्य मुलुकसँगको व्यापार ओरालो लाग्दैं गर्दा त्यसको प्रत्यक्ष असर मेची भन्सार कार्यालयको राजस्व असुलीमा परेको छ ।

चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चार महिनाको कुल राजस्व लक्ष्यको तुलनामा ८६ दशमलव २८ प्रतिशतमात्र संकलन भएको छ । यो अवधिमा कुनै महिनामा पनि कार्यालयले लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेको छैन ।

भारत, बंगलादेश र भुटानसँग यो नाका भएर हुने व्यापार केही वर्षदेखि ओरालो लागेको हो । कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलका अनुसार चालु आर्थिक वर्षको साउनदेखि कात्तिक महिनासम्मको राजस्व संकलनको लक्ष्य ५ अर्ब ४७ करोड १५ लाख २६ हजार रुपैयाँ थियो । तर, कार्यालयले यो अवधिमा ४ अर्ब ७२ करोड ७ लाख २३ हजार रुपैयाँ अर्थात ८६ दशमलव २८ प्रतिशतमात्र राजस्व संकलन गरेको कँडेलको भनाई छ ।

नाका सुस्ताउँदा यसको प्रत्यक्ष असर कार्यालयको राजस्व संकलनमा परेको भन्सार अधिकारीहरुको भनाई छ ।



कुनै बेला भन्सार विभागको राजस्व असुलीमा महत्वपूर्ण योगदान पुर्‍याउने कोशी प्रदेशकै मुख्य भन्सारको रुपमा रहेको मेची भन्सार पछिल्लो समय राजस्व असुलीमा पछि परेको तथ्यांकले देखाएको छ ।

गत आर्थिक वर्ष २०८०/०८१ मा कार्यालयको राजस्व असुली ७८ दशमलव ६३ प्रतिशत थियो । गत आर्थिक वर्षमा मात्र होइन, विगतका आर्थिक वर्षदेखि लगातार मेची भन्सारले वार्षिक लक्ष्य हासिल गर्न सकेको छैन । अनेक उपायहरु अवलम्बन गरे पनि लक्ष्य पूरा गर्न नसकिएको भन्सार अधिकारीहरुको भनाई छ । आर्थिक वर्ष २०७९/०८० मा ७७ दशमलव ५ प्रतिशत राजस्व संकलन भएको कार्यालयको अभिलेखले देखाएको छ । कुनै बेला चौबीसै घण्टा भीडभाड र खचाखच रहने पूर्वको ठूलो मेची भन्सार कार्यालयको परिसर अहिले सुनसानझै बनेको छ ।

भन्सारको राजस्व असुली हरेक वर्ष ओरालो लाग्दैं गएको भन्सार एजेन्ट संघ मेची भन्सारका अध्यक्ष मोहन निरौलाको भनाई छ । भारतको पश्चिम बंगाल राज्यसँग सीमा जोडिएको पूर्वकै ठूलो भन्सार लक्ष्य अनुसार राजस्व संकलन गर्न असफल हुँदा देशकै अर्थतन्त्रमा समेत असर पुग्ने अर्थविदहरुको भनाई छ ।

मेची भन्सार लक्ष्य भेट्टाउन असफल हुँदा यसको असर माथिसम्म नै पुग्ने संघका सचिव नवराज (कृष्णकान्त ) खनियाँको भनाई छ ।

पश्चिम बंगालको पानीट्याँकीस्थित रानीगञ्ज नाकासँग सीमा जोडिएको यो नाका भएर भारत, भुटान र बंगलादेशसँग व्यापार हुने गरेको छ । कोशी प्रदेशमा सबैभन्दा धेरै वैदेशिक व्यापार विराटनगर भन्सारपछि मेची भन्सारबाट हुने गरेको सरकारी अधिकारीहरुको भनाई छ ।

# फाल्गुनन्दमा धानको लेखाजोखा



झापा(प्रस) । पचास मुरीभन्दा बढी धान फलाउने किसानलाई पुरस्कृत गर्दै आएको फाल्गुनन्द गाउँपालिकाले यो वर्ष उत्पादन भएको धानको तौल लिन सुरु गरेको छ ।

पालिकाबाट जनप्रतिनिधि र कर्मचारी किसानका खला-खेतमै पुगेर धानको लेखाजोखा गर्न थालेका हुन् । गाउँपालिकाले यसअघि सार्वजनिक सूचना जारी गर्दै पचास मुरीभन्दा धेरै धान फलाउने किसानलाई दाबीसहित सम्बन्धित वडा कार्यालय, गाउँपालिका वा कृषि शाखामार्फत निवेदन माग गरेको थियो । पालिकाका ४२ जना किसानले पचास मुरीभन्दा बढी धान फलाएको भन्दै पुरस्कारका लागि छनौट प्रक्रियामा भाग लिन निवेदन दिएका थिए । तीमध्ये एक सय मुरीभन्दा धेरै धान फलाउने आवेदक किसान संख्या ७ जना छन् । बाँकी ३५ जनाले ५० मुरीमाथि धान फलाएको दाबी गरेका छन् । दावीसहित निवेदन दिएकामध्ये तीन जनाको खेतमा पुगेर धान भर्ने काम सकिएको गाउँपालिकाले जनाएको छ । किसानले धान काट्ने र दाँई गर्ने क्रम जारी रहेकाले लेखाजोखा सक्न मसिर महिनाभर लाग्ने गाउँपालिका अध्यक्ष बृजहाङ आङदेम्बेले बताए ।

पालिकाले गत आर्थिक वर्षबाट पचास मुरीदेखि एकसय मुरी धान फलाउने किसानलाई नगद ३० हजार र एक सय मुरीभन्दा बढी फलाउनेलाई पचास हजार रुपैयाँका दरले पुरस्कार दिन थालेको हो । बढी धान फलाउने किसानलाई पुरस्कार दिन थालेको यो दोस्रो वर्ष हो । गत वर्ष फाल्गुनन्द-१ नवमीडाँडाका मकर तामाङले सर्वाधिक १ सय ६८ मुरी धान फलाएका थिए । पालिकाले गत वर्ष उनीसहित २८ किसानलाई पुरस्कृत गरेको थियो ।खेतीयोग्य जमिन बाँझो छोडेर बसाईं सर्ने, युवापुस्ताको पलायन र परम्परागत कृषि प्रणालीलगायत कारण धान खेती गर्ने किसानको संख्या घटिरहेकाले आकर्षण बढाउन ५० मुरीभन्दा धेरै धान फलाउने किसानलाई पुरस्कृत गर्ने नीति ल्याएको अध्यक्ष आङदेम्बेले बताए ।

फाल्गुनन्द जस्तै मिक्लाजुङ गाउँपालिकाले पनि २०७८ सालदेखि ५० पचास मुरीभन्दा धेरै धान र २२ फिटभन्दा लामो थाङ्रो भरी मकै फलाउने किसानलाई पुरस्कृत गर्दै आएको छ । किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याएपछि आफ्नो जग्गा नभएका किसानले पनि अर्काको जग्गा अधिया कुतमा लिएर धान रोप्न थालेको जनप्रतिनिधिहरु बताउँछन् । स्थानीय तहले धेरै अन्न फलाउने किसानलाई पुरस्कृत गर्ने नीति ल्याएपछि बाँझो जमिनमा पुनः खेती गर्न थालेको फाल्गुनन्द-७ का किसान गणेश चेम्जोङ बताउँछन् । कृषि ज्ञान केन्द्र पाँचथरका अनुसार गत वर्ष जिल्लामा ५ हजार ८ सय ८५ हेक्टर जमिनमा धान खेती गर्दा १३ हजार ९ सय ४७ मेट्रिकटन उत्पादन भएको थियो । यो वर्ष असोज ८ देखि १२ गतेसम्मको वर्षा र बाढीले भित्र्याउने अवस्थामा पुगेको धान बगाउँदा उत्पादन घट्ने अनुमान गरिएको छ ।

यो वर्ष ५ हजार ६ सय १५ हेक्टर जमिनमा धान खेती गरिएको छ भने १३ हजार ३ सय ०७ मेट्रिकटन उत्पादन हुने अनुमान गरिएको केन्द्रका सूचना अधिकारी केशर मंग्रातीले बताए ।

# बाढीपहिरोबाट ऊर्जा र सिँचाइ क्षेत्रमा १३ अर्ब बढीको क्षति

झापा(प्रस) । गत असोज ११ र १२ गते देशभर परेको अविरल वर्षाको कारण आएको बाढीपहिरोका कारण ऊर्जा र सिँचाइ क्षेत्रमा रु १३ अर्ब बढीको क्षति भएको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट असोज १४ गते गठित समितिले आज ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई बुझाएको प्रतिवेदनमा देशभर बाढीपहिरोबाट जलविद्युत, सिँचाइ, तटबन्धन र प्रसारण लाइनमा रु १३ अर्ब बढीको क्षति भएको उल्लेख छ । समितिले नेपाल विद्युत् प्राधिकरण, प्राधिकरणका सहायक कम्पनी र निजी क्षेत्रबाट निर्माण भएका तथा निर्माणाधीन विद्युत् तथा प्रसारण लाइन आयोजनामा भएको क्षति, सिँचाइ तथा नदी नियन्त्रणमा भएको क्षतिबारे अध्ययन गरेको थियो ।

अध्ययनमा निर्माण सम्पन्न भएका विभिन्न २७ वटा जलविद्युत् आयोजना, निर्माणाधीन १९ आयोजनामा रु छ अर्ब बराबरको क्षति भएको पाइएको छ । यस्तै, प्रसारण र वितरण लाइनतर्फ करिब रु १६ करोड बराबरको क्षति भएको अध्ययन समितिका सदस्य-सचिव एवं मन्त्रालयका सिडिइ शालिग्राम भण्डारीले जानकारी दिए ।

यसैगरी, संघीय सिँचाइ तथा नदी नियन्त्रणतर्फ रु चार अर्ब ९८ करोड र बागमती प्रदेशतर्फ रु दुई अर्ब ४३ करोड, ग्रामीण विद्युतीकरणतर्फ रु २० करोड ७१ लाख बराबरको क्षति भएको समितिले बुझाएको प्रतिवेदनमा उल्लेख छ । समितिले क्षतिको विवरण तयार गरी भविष्यमा यस्तो प्रकोपबाट क्षति हुनबाट रोक्न अवलम्बन गर्नुपर्ने उपाय तथा क्षतिग्रस्त आयोजनालाई प्रदान गर्नुपर्ने/गर्न सकिने राहतका विषयमा समेत सुझाव दिएको छ ।

प्रतिवेदन बुझ्नुहुँदै ऊर्जामन्त्री खड्काले निकै मेहनतका साथ तयार गरिएको प्रतिवेदनलाई कार्यान्वयन गर्न मन्त्रालय लाग्ने बताए । उनले बाढीपहिरो र डुबानका कारण क्षति भएका माथिल्लो तामाकोसी जलविद्युत् आयोजना र निजी क्षेत्रका जलविद्युत् आयोजनालगायत समग्र विद्युत् क्षेत्र तथा नदी नियन्त्रण र सिँचाइ आयोजनामा भएको क्षतिको मूल्याङ्कन गरी नेपाल सरकारले प्रदान गर्नसक्ने राहतबारे प्रतिवेदन पेस गर्न ऊर्जा मन्त्रालयका सहसचिव जीवछ मण्डलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेका थिए । उक्त समितिको सदस्यमा विद्युत् विकास विभागका उपमहानिर्देशक सुनिल पौडेल, जलस्रोत तथा सिँचाइ विभागका उपमहानिर्देशक डा. सन्तोष कैनी, नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ र सदस्य-सचिवमा शालिग्राम भण्डारी रहेका थिए ।

# स्कोरपियोको ठक्करबाट सिटी सफारी चालकको मृत्यु




झापा(प्रस) । सुनसरीको रामधुनी नगरपालिका-२ शिवचोकस्थित स्कोरपियो गाडीले सिटी सफारीलाई ठक्कर दिँदा सफारी चालकको मृत्यु भएको छ।

रामधुनी नगरपालिका शिवचोकबाट पश्चिमदेखि पूर्वतर्फ आउँदै गरेको प्रदेश १०२००४ ख ४३१५ नम्बरको सिटी सफारीलाई सोही दिशातर्फ आउँदै गरेको युपी १६ इके १९८९ नम्बरको भारतीय स्कोरपियोले मङ्गलबार ठक्कर दिएको थियो । ठक्करबाट सफारी चालक रामधुनी नगरपालिका-९ निवासी ३६ वर्षीया सोनियाकुमारी चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक सुमनकुमार तिमल्सिनाले जानकारी दिए। स्कोरपियो गाडी ठक्करबाट गम्भीर घाइते सफारी चालकलाई उपचारका लागि स्थानीय हस्पिटल ओमसाई झुम्कामा लगिएको थियो। उपचारको क्रममा उनको मृत्यु भएको प्रहरी उपरीक्षक तिमल्सिनाले बताए ।

ठक्कर दिने गाडी र चालक भारत विहार सीतामढी सोनबरजा बस्ने ३४ वर्षीय अनिरुद्र सुढीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय पकलीमा राखी थप अनुसन्धान भइरहेको उपरीक्षक तिमल्सिनाले बताउनुभयो।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री सन्त कुमार लिम्बु, दक्षिणः कमला चापागाई को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री सीता कुमारी शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | ११२८ | ११५. ९२ | २०८१/ ०७ /०९ | २०८१/ ०७ /०९ | २०८१/ ०७/३० |


# मेचीनगरमा १६ दिने अभियान संयुक्तरुपमा सञ्चालन गरिने

मेचीनगर(प्रस) । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान झापाको मेचीनगरमा संयुक्तरुपमा सञ्चालन हुने भएको छ ।

मेचीनगर नगरपालिकाको बैठक कक्षमा उपप्रमुख मीना पोखरेल उप्रेतीको अध्यक्षता, नगर प्रमुख गोपालचन्द्र बुढाथोकीको प्रमुख आतिथ्यता र प्रमुख प्रशासकीय अधिकृत अम्बिकाप्रसाद अधिकारीको विशिष्ट आतिथ्यतामा भएको भेलाका सहभागीहरुले यो अभियानलाई सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् । सहभागीहरुले १६ दिनसम्म नगरभरि विशेष अभियान सञ्चालन गर्ने धारणा राखेका थिए ।



पछिल्लो समय हिंसाका घटना बढेका कारण समाजमा जागरण ल्याउने उद्धेश्यले प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख (मंसिर १० देखि २५ गते) सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन हुँदै आएको छ । अभियानलाई प्रभावकारी बनाउने विषयमा सुझाव संकलन गर्न नगरपालिकाले छलफलको आयोजना गरेको थियो । छलफलमा १६ दिनसम्म नगरभरि विशेष अभियान सञ्चालन गर्ने निर्णय भएको हो ।

मेचीनगर क्षेत्रमा विभिन्न रचनात्मक तथा सकारात्मक कार्यक्रम गरि मनाउन छलफल आयोजना गरिएको उपप्रमुख मीना पोखेल उप्रेतीको सचिवालयले जनाएको छ ।

भेलाका सहभागीहरुले आ-आफ्ना संघ संस्थाका तर्फबाट राय प्रस्तुत गरेका थिए ।

नगरपालिकाका महिला सदस्य, महिला अधिकारका क्षेत्रमा क्रियाशील विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, विभिन्न राजनीतिक दलका नेतृत्वदायी भूमिकामा रहेका महिला प्रतिनिधि, सञ्चारकर्मीलगायत सहभागी छलफलको सहजीकरण महिला विकास अधिकृत जयन्ती खरेल लम्सालले गरेकी थिइन् । महिला हिंसा अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने बताउँदै लैङ्गिक हिंसा अन्त्यका लागि सरकारले नयाँ कार्यक्रम ल्याउनु पर्नेमा सहभागीहरुले जोड दिएका थिए ।

# विराटनगरको दुईवटा पसलमा आगलागी

झापा(प्रस) । विराटनगरको दुईवटा पसलमा आगलागी भएको छ ।

सोमबार साँझ ६.३० बजे विराटनगर- ७ स्थित मालपोतको कम्पाउन्डभित्रको घुम्तीमा सञ्चालन गर्दै आएका अमित साह चिया पसल र सँगै रहेको सुमन कार्कीको फोटोकपी पसलमा आगलागी भएको हो । कार्कीको फोटोकपी पसलमा लाइन सर्ट भई आगलागी भएको थियो । आगलागीबाट पसलभित्र भएका सम्पूर्ण सामान जलेर नष्ट भएको छ ।

आगलागीबाट सुमन कार्कीको दुई थान ल्यापटप , एक थान फोटोकपी मेसिन ,अमित शाहको ग्यास सिलिन्डर (पड्केको ) र फर्निचरको सामान जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।आगो स्थानीय , महानगरको दुईवटा दमकल र नेपाल प्रहरीको सहयोगमा साँझ ७ बजे नियन्त्रणमा आएको थियो ।


## माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा

### कर्मचारी आवश्यकता

प्रकाशित मितिः २०८१-०८-५

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडलाई बजार प्रतिनिधि (संकलक) पदको लागि कर्मचारी आवश्यकता भएकोले अनुभवी तथा इच्छुक नेपाली नागरिकबाट मिति २०८१ मंसिर ११ गते मंगलबारसम्ममा लिखित आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ

**पद : बजार प्रतिनिधि**
**आवश्यक संख्याः १ जना (महिला वा पुरुष)**
**उमेरः १८ वर्षदेखि २५ वर्ष ननाघेको**
**न्यूनतम शैक्षिक योग्यता : कक्षा १० सम्म**
**कार्यक्षेत्रः भद्रपुर रोड,सुकुमबासी टोल, मुक्ति चोक हुँदै सुगम पेट्रोल पम्प बिर्तामोडसम्म**
**आवेदन शुल्कः रु २०० (फिर्ता नहुने गरी)**
**जमानत कागजात : धितो जमानत वा नगद**
**तलब सुविधा – संस्थाको नियम अनुसार**
**आवश्यक कागजात – नागरिकताको प्रतिलिपि, अभिभावकको नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो–२**
**नियुक्तिको किसिमः एक वर्ष परीक्षणकाल**
**परीक्षाको किसिमः लिखित तथा मौखिक**
**आवेदन दिने स्थानः संस्थाको कार्यालय भद्रपुर रोड, बिर्तामोड ( बजरंग मेडिकल छेउ)**

**कर्मचारी पदपूर्ति उप–समिति**
**फोन न. ०२३–५३२२३२**
**मोबाइल न. ९८४२६३७९२४/९८०४९०१३९०**


# ताप्लेजुङदेखि इटहरी जोड्ने तमोर करिडोर खुल्यो

झापा(प्रस) । गत वर्षदेखि नै अवरुद्ध पाँचथरको भालुचोकदेखि धनकुटाको मुलघाट-भेडेटार-धरान हुँदै इटहरी जोड्ने तमोर करिडोर खुलेको छ । एपेक्स कन्स्ट्रक्सन प्रालिले हेवाखोलामा ह्युमपाइप राखेर सडक खुलाएको हो । कम्पनीका प्रोजेक्ट मेनेजर अभि पोखेलका अनुसार सोमबारदेखि साना ठूला सबै सवारी चल्न थालेको छ । 'सडक चाहिँ शनिबार बेलुका नै खुलेको हो,' पोखेलले भने, 'आइतबार बालुवामा केही गाडी फसे, सोमबार त्यसलाई ग्राभेल लगाएर व्यवस्थित गरेर यातायात चल्ने बनाएका छौं ।' अब सबै खाले यातायात चल्ने भएको उनले बताए । पोखेलका अनुसार हेवा खोलामा ९० एमएमको १४ वटा ह्युम पाइप राखिएको छ । माझीटार छेउमा रहेको मोटरवेल पुल गत वर्षको वर्षाले बगाएको थियो । हिउँदमा खोलो घटेपछि साना सवारीसाधन सामान्य चलेका थिए । गत असोज १० देखि १२ गतेको वर्षाले त्यही सडक पनि पूरै बगाएको थियो । अहिले ह्युमपाइप राखेपछि व्यवस्थित भएको कम्पनीले जनाएको छ ।

तमोर करिडोरका आयोजना प्रमुख प्रदीप निरौला आफूहरुसँग मर्मतको रकम नभएकाले निर्माण कम्पनीले नै बनाएको बताउँछन् । 'सवारीसाधन आवतजावतका लागि निर्माण कम्पनीले नै काम गरेको हो,' उनले भने । यो सडक खुलेपछि ताप्लेजुङलाई पनि राहत पुगेको छ । ताप्लेजुङ सदरमुकाम फुङलिङबाट पाँचथरको कावेली वा भालुचोक भएर यो सडकबाट यात्रा गर्न सकिन्छ ।

# कन्चन स्कुलद्वारा विद्यार्थीहरुलाई निःशुल्क आँखा जाँच



झापा(प्रस) । बिर्तामोड-७ स्थित कन्चन अंग्रेजी स्कुलले आफ्ना विद्यार्थीहरुलाई निःशुल्क आँखा जाँच गराएको छ । विद्यालय आँखा जाँच कार्यक्रमअन्तर्गत विद्यालयले मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा निःशुल्क आँखा शिविर संचालन गरेको थियो । एकदिने निःशुल्क शिविरमा ५२० जना विद्यार्थीहरुको आँखा जाँच गरिएको विद्यालयका संचालक डिल्लीराम चम्लागाँईले बताए । उनका अनुसार २४ जना विद्यार्थीलाई निःशुल्क चस्मा वितरणसमेत गरिएको छ । शिविरमा २३ जना विद्यार्थीको आँखामा समस्या देखिएपछि उनीहरुलाई मेची आँखा अस्पताल रिफर गरिएको छ । मेची आँखा अस्पतालका हेल्थ एजुकेशन अफिसर युवराज बोहोरा नेतृत्वको टोलीले आँखा जाँच गरेको थियो । शिविरमा विद्यालयका संचालक तथा प्रिन्सिपल दीपक चम्लागाँई , संचालकहरु बद्री वास्कोटा , डिल्लीराम चम्लागाँईलगायत शिक्षक शिक्षिकाहरुको सहभागिता रहेको थियो ।

# इनारमा लडेर बस्नेतको मृत्यु

झापा(प्रस) । इनारमा लडेर खोटाङमा एकजनाको मृत्यु भएको छ ।

सोमबार दिउँसो ३ बजे खोटाङ हलेसी तुवाचुङ- ३ रुपाटार बस्ने अन्दाजी ६३ वर्षीय गणेशबहादुर बस्नेतको सोही ठाउँमा रहेको इनारमा लडेर मृत्यु भएको हो ।

प्रहरी चौकी च्यास्मिटारमा जानकारी प्राप्त भएपछि प्रहरी टोली खटिएर कानुनी प्रक्रिया तथा थप अनुसन्धान भइरहेको जनाइएको छ ।


## श्री माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड- ४ झापा

### साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१ / ०८ / ५

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड झापाको मिति २०८१/०८/०१ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा संस्थाको १६औं वार्षिक साधारण सभा हुने भएकाले शेयर सदस्य ज्यूहरुलाई उपस्थितिका लागि पत्राचार गरिएको छ । केही कारणबस पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी प्रतिनिधित्व गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

**कार्यक्रम हुने मिति, समय र स्थान :**
मिति :-२०८१/०९/०८ गते सोमवार
समय : विहान १०:३० देखि
स्थान : अतिथि सदन, बिर्तामोड

**अध्यक्ष**
**माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड, झापा**
**फोन नं. : ०२३–५३२२३२**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# छानबिन होस्

बीएण्डसी हस्पिटलका संचालक दुर्गा प्रसाई फेरि पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्रीय अनुसन्धान ब्युरो(सीआईबी) ले प्रसाईंलाई भक्तपुरस्थित निवासबाट पक्राउ गरेको हो ।

सीआईबीका प्रवक्ता एसपी होविन्द्र बोगटीका अनुसार प्रसाईंलाई साइबर अपराधको मुद्दामा पक्राउ गरिएको हो । प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीलाई जोडेर सामाजिक सञ्जालमार्फत अफवाह फैलाएको आरोप छ ।

प्रसाईंले आफ्नो भेरिफाइड फेसबुकमा 'ल हेर्नुहोस् केपी ओलीको कम्बोडियाको लगानी, हालका देशका प्रधानमन्त्रीको असली चरित्र' लेख्दै ६ मिनेट ११ सेकेन्डको भिडियो हालेका छन् । सोमबार अपराह्न ४ बजेर ३६ मिनेटमा प्रसाईंको फेसबुकमा पोस्ट गरिएको उक्त भिडियो हाल सामाजिक सञ्जालमा 'भाइरल' छ ।

कम्बोडियाको टेलिकम कम्पनी आजियाटामा प्रधानमन्त्री केपी शर्मा ओलीको लगानीको प्रमाण देखाएको प्रसाईंले दाबी गरेका छन् । उनले कम्बोडियाको कम्पनी स्मार्ट आजियाटामा ओलीको लगानीको प्रमाणका रूपमा दुईवटा मोबाइलमा देखिएका कागजको भिडियो रेकर्ड गरेका छन् ।

भिडियोमा प्रसाईंले एकजना अर्को व्यक्तिसँग कुराकानी गरेको पनि देखिन्छ । त्यही कुराकानीका क्रममा देखाइएका स्क्रिनसट लिएर र मोबाइलमा देखाइएका कागजातको स्क्रिनसटका आधारमा भिडियो बनाइएको छ ।

कम्बोडियाको स्मार्ट आजियाटामा ओलीको लगानी भएको दाबी गरिएको भिडियोमा ३४ सेकेन्डमा देखिने कागजमा ओलीको नाम अंग्रेजीमा लेखिएको देखिन्छ ।

प्रसाईंले ओलीको लगानी दाबी गरेको भिडियोमा हस्ताक्षर मिति १४ मे २०१९ लेखिएको छ । परराष्ट्र मन्त्रालयको विवरणानुसार, ओली सन् २०१९ को १३ मे देखि १५ मेसम्म कम्बोडिया भ्रमणमा थिए ।

कम्बोडिया र नेपालले जारी गरेको संयुक्त विज्ञप्तिअनुसार, प्रधानमन्त्री ओली तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसहित कम्बोडिया भ्रमणमा गएका थिए । ओली त्यतिखेर कम्बोडियाका प्रधानमन्त्री हुन सेनको निमन्त्रणमा त्यहाँ गएका थिए । उक्त भ्रणका क्रममा नेपाल चेम्बर अफ कमर्स र कम्बोडियाको चेम्बर अफ कमर्सबीच सम्झौता भएको थियो ।

प्रसाईंले ओलीको लगानी दाबी गरेको भिडियोमा स्मार्ट आजियाटाका तर्फबाट हस्ताक्षरकर्ताका रूपमा थोमस हडन्टको नाम छ । उनी हाल आजियाटाको चिफ स्टार्टेजिक एन्ड टेक्नोलोजी अफिसर हुन् ।

कम्बोडियाको स्मार्ट आजियाटामा प्रधानमन्त्री ओलीको लगानी रहेको दाबी गरिएको भिडियोमा देखाइएका कागजात हेर्दा तिनको आधिकारितामाथि छानविन हुनुपर्छ । यदि भ्रम फैलाएका हुन् भने प्रसाईमाथि कार्वाही हुनुपर्छ ।फेरि फेरि पनि प्रसाईले त्यस्तो दुश्कर्म गर्न नसकून् ।




# बालबालिकाको सुरक्षा चुनौती



• हरि पौडेल

स्वस्थ जीवनयापन गर्न पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिका स्वयम्ले आफ्नो अधिकार आफैँ लिन नसक्ने हुँदा उनीहरूको अधिकार सुनिश्चित गर्न सक्दैनन । अतः संयुक्त राष्ट्रसंघीय महासन्धि, बाल अधिकार महासन्धि १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । नेपालको सन्दर्भमा बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिकाका रूपमा परिभाषित गरेको छ । यस्तै मुलुकी ऐन, बालबालिकासम्बन्धी ऐन तथा श्रम ऐनले १६ वर्षभन्दा कम उमेरका मानवलाई नाबालक भनि व्याख्या गरेको छ । उनीहरूको गर्भदेखि नै बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार तथा सहभागिताको अधिकार सुरक्षित गर्नु सरकारको दायित्व हो । यिनै अबोध बालबालिकालाई मानव समाजबाट जानेर वा नजानेर दुर्व्यवहार हुने गर्छ । हाम्रो घरपरिवार तथा समाजमा बाल यौन दुर्व्यवहारको अवस्था दिनप्रतिदिन भयावह हुँदै गइरहेको छ ।

बालबालिकाको शारीरिक, मानसिक तथा भावनात्मक विकासमा आघात पुऱ्याउने कुनै पनि क्रियाकलाप गर्नुहुँदैन । गरिएमा उनीहरूको कोमल मन मस्तिष्कमा दीर्घकालीन नकारात्मक असर पुग्न जान्छ । बालबालिका आफूमा भएका आघात तथा पीडा सहज रूपमा अभिव्यक्त गर्न सक्दैनन् । यसर्थ बाल यौन दुर्व्यवहार अन्तर्गत १६ वर्षमुनिका बालबालिकाउपर जबरजस्ती, बलपूर्वक, छलकपट वा भावनात्मक दबाबका आधारमा गरिने कुनै पनि प्रकारको गतिविधि यौनजन्य गतिविधि अन्तर्गत पर्छन् । बालबालिकालाई यौन गतिविधिमा संलग्न गराउनु, तिनको शारीरिक वा मानसिक स्वास्थ्यमा क्षति पुऱ्याउनु र तिनको व्यक्तिगत स्वाधीनता उल्लंघन गर्नु जस्ता क्रियाकलाप हुने गर्छन् । बाल यौन दुर्व्यवहारमा बालबालिकालाई यौन उत्पीडन, यौन शोषण, अश्लील गतिविधिमा संलग्न वा कुनै पनि प्रकारको अस्वीकृत यौन क्रियाकलाप गर्न बाध्य गराइन्छ । यस्ता गतिविधिमा संलग्न गराउनु गैरकानुनी र मानव अधिकारको उल्लंघन हो ।

बाल दुर्व्यवहार घर, विद्यालय, हाटबजार, सिनेमा हल, बाटाघाटा, यातायातका साधनमा जतातते भएको पाइन्छ । यस्ता दुर्व्यवहार केटा तथा केटी दुवैमा भएको पाइन्छ । केही व्यक्ति नजानेर दुर्व्यवहार गर्ने गर्छन् भने कोही आशयले नै गर्ने गर्छन् । त्यसको घातक असर दुवै प्रकृतिका व्यक्तिले आकलन गरेका हुँदैनन् । बालबालिकामा मुख्यतः भावनात्मक, शारीरिक, मौखिक तथा बेवास्ता तथा उपेक्षा जस्ता दुर्व्यवहार हुने गर्छन् ।

भावनात्मक दुर्व्यवहार, शारीरिक दुर्व्यवहार, यौन दुर्व्यवहार, मौखिक दुर्व्यवहार, बेवास्ता वा उपेक्षा जस्ता बाल दुर्व्यवहार घर, विद्यालय, हाटबजार, मनोरञ्जन स्थल, एकान्त बाटाघाटा, यातायातका सवार ासाधनमा गुप्त रूपमा हुने गर्छन् । यस्ता दुर्व्यवहारप्रति परिवारका सदस्यसमेत सचेत रहनु पर्छ । बालबालिकासँग खुलेर संवाद गर्नु पर्छ । कुनै शङ्का लागेमा तुरुन्तै आवश्यक कदम चाल्नुपर्ने हुन्छ । बाल दुर्व्यवहार अन्तर्गत प्रायः बाल यौन दुर्व्यवहार बढी मात्रामा हुने गर्छन् । विश्वमा बाल यौन दुर्व्यवहारको अवस्था गम्भीर र चिन्ताजनक छ । संयुक्त राष्ट्रसंघ, विश्व स्वास्थ्य सङ्गठन र युनिसेफ जस्ता अन्तर्राष्ट्रिय संस्थाले बाल यौन दुर्व्यवहारलाई गम्भीर मानव अधिकार उल्लंघनका रूपमा लिएका छन् । हाल बाल यौन दुर्व्यवहारको अवस्था विश्वव्यापी समस्याका रूपमा देखा परेको छ । युनिसेफको एक अध्ययन अनुसार विश्वभर १५ देखि ३० प्रतिशत बालबालिकाले कुनै न कुनै प्रकारको यौन दुर्व्यवहारको सामना गरिरहेका छन् । विकासोन्मुख देशमा यो अवस्था झनै चिन्ताजनक छ । त्यस्ता देशमा बालबालिकासम्बन्धी कानुनी संरचना कमजोर छ । सामाजिक सचेतना कमजोर छ । बाल दुर्व्यवहारसम्बन्धी ज्ञान छैन । रूढीवादी परम्पराले कानुनलाई थिचेको छ ।

डिजिटल युगको विकाससँगै बालबालिकामाथि हुने अनलाइन यौन शोषणको खतरा बढिरहेको छ । बालबालिकाको फोटो वा भिडियो प्रयोग गरी अश्लील सामग्री उत्पादन र वितरण गर्ने जस्ता आपराधिक क्रियाकलापमा वृद्धि भएको छ । लैङ्गिक असमानता र सामाजिक संरचनाले पनि बाल यौन दुर्व्यवहारलाई बढावा दिएको छ । विशेष गरी बालिका र पिछडिएको समुदायका बालबालिका र अशक्त बालबालिका बढी जोखिममा भएको पाइन्छ । युनिसेफका अनुसार विश्वभर करिब ६५० मिलियन बालिकाको १८ वर्षभन्दा कम उमेरमै विवाह हुने गर्छ । यसले उनीहरूलाई यौन शोषणको जोखिममा सहयोग पुऱ्याइरहेको छ । युद्धग्रस्त क्षेत्र, शरणार्थी शिविर एवं प्राकृतिक प्रकोपका क्षेत्रमा बालबालिका असुरक्षित हुन्छन् । उनीहरू विशेष गरी यौन हिंसा र दुर्व्यवहारको सिकार हुने गर्छन् । मानव तस्करीमा पर्ने बालबालिकाको ठुलो हिस्सा यौन शोषणका लागि बेचिने गरेका छन् ।नेपालमा पनि बाल यौन दुर्व्यवहारको घटना दिनप्रतिदिन बढ्दै गएको अवस्था छ । यद्यपि बाल यौन दुर्व्यवहारको यथार्थ तथ्याङ्क प्राप्त गर्न सकिँदैन । अधिकांश घटना सामाजिक कलङ्क, डर, कानुनी अज्ञानताका कारणले लुकाइन्छन् । नेपाल प्रहरीको सन् २०२१-२२ को प्रतिवेदनले बालक तथा बालिका दुवै यौन शोषणको सिकार भएका छन् । बालकभन्दा बालिका बढी जोखिममा छन् । बालबालिकासँग सम्बन्धित यौन हिंसाका २६० वटा घटना प्रहरीमा दर्ता भएकामा अधिकांश घटनामा बालिका पीडित रहेको पाइन्छ । महामारी तथा प्राकृतिक विपत्तिका बेला समेत बाल यौन दुर्व्यवहारका घटना बढी हुने गरेको पाइन्छ । कोभिडको समयमा लामो समयसम्म लकडाउनका कारण बालबालिका घरभित्र सीमित भएको अवस्थामा यौन दुर्व्यवहारका घटना वृद्धि भई ४० प्रतिशत बालबालिका यौन हिंसाको जोखिममा परेको प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ ।

बाल यौन दुर्व्यवहारका कारण बालबालिकामा शारीरिक, मानसिक तथा मनोसामाजिक असर देखा पर्छन् । शरीरमा घाउचोट लाग्नु, गुप्ताङ्गमा चोट लाग्नु, रगत बग्नु, यौनाङ्गसम्बन्धी रोग लाग्नु, शरीर मोटाउनु वा दुब्लाउनु एवं गर्भ रहनु शारीरिक असर हुन् । मानसिक असरमा बालबालिका चिन्तित हुनु, हिनताबोध महसुस गर्नु, एकान्तमा बस्न रुचाउनु, खानामा रुचि नहुनु, चिडचिडाहट हुनु, स्थिर भएर बस्न नसक्नु, क्रोध देखाउनु, डराउनु, निद्रा कम लाग्नु, आपराधिक क्रियाकलापमा संलग्न हुनु, बोल्न हिचकिच्याउनु जस्ता पर्छन् । सामाजिक प्रतिष्ठा गुमेको आभाष हुनु, समाजका अन्य आपराधिक क्रियाकलापमा लत लाग्नु, पारिवारिक तथा मनोसामाजिक असर हुन् ।

बाल यौन दुर्व्यवहारविरुद्ध अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक हिंसाविरुद्धका कार्यक्रम, बालबालिका सुरक्षासम्बन्धी कानुनी संरचना र मानव अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय सन्धि लागु गरेर यस्ता गतिविधि नियन्त्रण गर्ने प्रयास भइरहेका छन् । विभिन्न देशले बाल यौन दुर्व्यवहारविरुद्ध आआफ्नै अनुकूलका कानुन बनाएका छन् । केही देशमा कानुनी संरचना कमजोर छ । केही देशमा यस्ता कानुन कार्यान्वयनमा कमजोरी देखिन्छ । केही दुर्व्यवहारका घटना सामाजिक तथा सांस्कृतिक मान्यताले गर्दा घटना बाहिर नै आउँदैनन् ।

नेपालमा बाल यौन दुर्व्यवहारविरुद्धका कानुन छन् । जस्तै मुलुकी अपराधसंहिता, २०७४ मा बालबालिकामाथि यौन शोषण गर्ने अपराधीलाई कडा सजायको व्यवस्था गरिएको छ । यद्यपि कानुनी कार्यान्वयन पक्षमा कमजोरी देखिन्छ । बालबालिकाको शारीरिक, मानसिक र भावनात्मक सुरक्षाको जिम्मेवारी घरपरिवार, विद्यालय, शिक्षक, समाज र राज्यको सामूहिक कर्तव्य हो । अतः बाल यौन दुर्व्यवहारको रोकथामका लागि शिक्षा, चेतना, कानुनी उपाय र सुरक्षा उपायमा सरोकारवाला सबै निकाय मिलेर सहकार्य गर्नु पर्छ । बाल यौन दुर्व्यवहार रोकथाम गर्न बालबालिका, अभिभावक, सामाजिक कार्यकर्ता तथा सामाजिक अभियन्तालाई बाल यौन दुर्व्यवहारका शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरिनु पर्छ ।

विश्व स्तरमा नै रहेको बाल यौन दुर्व्यवहारका विविध जटिलतालाई न्यूनीकरण र नियन्त्रण गर्न कानुनी, सामाजिक र संस्थागत प्रयास भइरहे पनि बाल यौन दुर्व्यवहारको समस्या चुनौतीकै रूपमा छ । अतः यस चुनौतीलाई समाधान गर्न सरकारी र गैरसरकारी निकायले कानुनमा समसामयिक सुधार, विद्यालय शिक्षामा यौन शिक्षामा व्यापकता र समाजमा द्रुत स्तरमा सचेतनाका कार्यक्रम कार्यान्वयन गरिनु पर्छ ।

# अर्थ सामाजिक संरचना



• डा. चन्द्रमणि अधिकारी

नेपालको राजनीतिमा मार्क्सवादको प्रभाव के कति छ भन्ने जगजाहेर छ । नेपालको संविधान निर्मातामध्येका कतिपय राजनीतिक दलले आफ्नो राजनीतिक दर्शनको मूल आधार मार्क्सवादलाई नै मान्ने गरेका छन् । कार्लमार्क्सले त्यतिबेला विशेष गरेर युरोपको समकालीन राजनीतिक, आर्थिक, धार्मिक, सामाजिक र सांस्कृतिक पक्ष केलाएर प्राप्त निचोडको आलोक र मर्ममा पुँजीवादी आर्थिक प्रणालीको विकल्पमा मजदुरको अधिनायकत्व चल्ने समाजवादी दर्शनको प्रतिपादन गरेका थिए । त्यस पक्षलाई नेपालका मार्क्सवादी र संविधान निर्माता दलले कति ख्याल राखे भन्ने अहं प्रश्न बनेको छ । त्यसमा पनि सामाजिक व्यवस्था र धर्मलाई हेर्ने दृष्टिकोणबारे त थुप्रै प्रश्न उब्जेर आउँछन् ।

हामी सबैलाई थाहा छ, पुँजीवादको प्रवर्धन र विकास हुनुअघि युरोप क्षेत्रको आर्थिक, सामाजिक संरचना दास युगपछि विकास भएको सामन्तवादी सोच र संरचनामा आधारित थियो । शासन सञ्चालनमा चर्चको दबदबा थियो । १६ औँ शताब्दीसम्म पनि विशेष गरी क्याथोलिक चर्च यति बलियो थियो कि यसको विरोधमा गर्नेले ज्यानै दिनु पर्थ्यो । जहाँसम्म आर्थिक र सामाजिक प्रणालीको चरित्रको कुरा छ, १७ औँ शताब्दीसम्म पनि युरोपका सामाजिक व्यवस्था सामन्तवादी आर्थिक प्रणालीमा आधारित थियो । कृषि प्रणाली सामन्ती सोचको जमिनदारी अन्तर्गत चलेको थियो, अधिकांश मानिस ग्रामीण क्षेत्रमा बसोास गर्थे । समाज तीन वर्गमा विभाजित थियो । पहिलो वर्गमा धर्मसँग जोडिएको पादरी वर्ग पर्थ्यो, जसले शासनमा ठुलो दबदबा राख्थ्यो । राज्य सञ्चालनको कार्य यसै वर्गको नियन्त्रण, निर्देशन र इसारामा चल्थ्यो । दोस्रो वर्ग जमिनका मालिक वा जमिनदार थिए, उनीहरूले पादरी वर्गलाई खुसी राखेर आफू अनुकूल नीति र कानुन बनाउन लगाउँथे । तेस्रो वर्ग कृषि मजदुरको थियो, जो मालिकका लागि काम गरेर मुस्किलले जीवन वा सास धान्थ्यो । त्यसबेलाको समाजमा मजदुरले जीवन धान्नका लागि चाहिने न्यूनतम सुविधा पनि प्राप्त गर्न सक्दैनथे । त्यसबेलाको समाज नेपालको अहिलेको समाजभन्दा नितान्त पृथक् खालको थियो ।

मार्क्स केटाकेटी हुँदाको समयमा पनि जर्मनीमा रोमन क्याथोलिक चर्चको ठुला बोलवाला थियो । समाज सामन्तवादबाट निर्देशित पुँजीवादमा आधारित थियो । अझ भनौँ समाज सामन्ती संरचनाभित्रको वाणिज्यवाद (मर्केन्टरिज्म) को प्रभावमा थियो । जुनबेला मार्क्सले आफूलाई यथास्थितिबाट विद्रोही विचारतर्फ अघि बढाए त्यतिबेला पुँजीवादका प्रतिपादक आदम स्मिथले 'वेल्थ अफ नेसन' भन्ने पुस्तक प्रकाशन गरेको ५० वर्ष पनि पुगेको थिएन । तसर्थ युरोपको समाज आदम स्मिथले कल्पना गरेको पुँजीवादको विशुद्ध अभ्यासको चरणमा पुगेकै थिएन । पोप र विशपहरूले शासकलाई राज्य सञ्चालन गर्ने सम्बन्धमा सल्लाह दिने अभ्यास कायम थियो । अर्को अर्थमा भन्ने हो भने त्यतिबेला पनि पोप र पादरीले धर्मको आडमा शासकलाई यसो गर्नू र उसो नगर्नू भनेर निर्देशन गर्थे । चर्च र शासकबिच असमझदारी भएमा पोपले मध्यस्थको भूमिका खेल्थे । कतिपय अवस्थामा अन्य देश वा पक्षसँग सम्झौता गर्ने गराउनेमा समेत उनीहरूको ठुलै भूमिका हुन्थ्यो । यति मात्र होइन, जनताले कर भुक्तानी गर्दा समेत कर भुक्तानी फाराममा आफूले मान्ने धर्मसमेत खुलाउनु पर्थ्यो र क्रिस्चियन धर्म मान्नेहरूबाट चर्चका नाममा छुट्टै कर असुल गरी चर्चको कोषमा जम्मा गरिन्थ्यो ।

यी सबै कुरा पढेपछि कार्लमार्क्स धर्मविरोधी हुनुको पछाडि मूलतः दुई वटा कारण भएको कुरा सहजै अन्दाज गर्न सकिन्छ । त्यसमध्ये पहिलो कारण हो, उनी बालक हुँदा नै उनका पिताले त्यतिबेलाको जर्मन सत्ताको कोपभाजन हुने डरले बाध्यतावश आफ्नो यहुदी धर्म छोडेर क्रिस्चियन धर्म ग्रहण गर्ने गरी गरेको पारिवारिक निर्णय । किनभने मार्क्सको परिवार जिउज थियो । उनीहरू यहुदी धर्म मान्थे । जतिबेला मार्क्स जन्मिए, त्यतिबेला जर्मनीको राज्यसत्ता क्रिस्चियनबाहेकका अन्य धर्म मान्नेप्रति अनुदार थियो । राज्यसत्ताले यहुदी धर्म मान्नेलाई कतिपय अधिकार तथा अवसरबाट वञ्चित गरेर राखेको हुँदा मार्क्सको परिवारले ती अधिकार र अवसरको उपयोग गर्ने लक्ष राखेर धर्म परिवर्तन गरेको थियो । केटाकेटी नै भए पनि परिवारले बाध्यतावश गर्नु परेको यस्तो निर्णयले मार्क्सको मनमा नराम्रो चोट पर्न गयो ।

दोस्रो कारण हो, त्यतिबेलाको क्याथोलिक चर्चको दबदबा । अझ चर्च अफ इङ्ल्यान्डले धर्मका आडमा गरेको विभिन्न प्रकृतिका ज्यादतीका कारणले पनि कार्लमार्क्स धर्मप्रति बढी आक्रमक भएका हुन सक्छन् । राज्य र चर्चको यस्तो दमनलाई सम्झेर मार्क्सले धर्मप्रति बढी रोष प्रकट गरेर धर्म जनताको अफिम हो भन्ने धारणा राखेको हुन सक्छ । मार्क्सले राजनीतिक दर्शनको निर्माणमा संस्कृतिको महत्व पनि दर्शाएका छन् ।

समाजवादी अर्थदर्शन अँगाल्ने हो भने धर्म र संस्कृतिबिचको भिन्नता र दुवैबिचको अन्तर्सम्बन्ध केलाउन सक्नु पर्छ । यसरी भिन्नता र अन्तर्सम्बन्धको विश्लेषण गरेर हेर्ने हो भने नेपालको राजनीति, धर्म र संस्कृति एकअर्काका बाधक बनेको देखिँदैनन् । संस्कृति त लचिलो र मिश्रित प्रकृतिको छ ।

परापूर्वदेखि नै नेपालका नागरिक वा नेपाली आफूले चाहेको धर्म र संस्कृति मान्न र त्यसप्रति आस्था राख्नमा स्वतन्त्र छन् । नेपालको राज्य प्रशासनमा धर्मसम्बन्धी संस्थाको दबदबा रहेको तथा यहाँको कुनै खास समुदाय वा राज्य पक्षले कुनै धर्मप्रति पनि विभेद गर्ने र निषेध गरेको परम्परा र इतिहास छैन । त्यसैले पनि नेपालको सम्बन्धमा धर्मलाई हेर्दा मार्क्सको चस्माबाट वा युरोपियन विचारबाट हेरिनु हुँदैनथ्यो । नेपालको संविधान (२०७२) को निर्माण गर्दा यस्तै चस्माबाट हेर्ने काम भयो । नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र भनेर मात्र घोषणा गरेन, यसले नेपाललाई धर्मनिरपेक्ष राज्यका रूपमा पनि घोषणा गऱ्यो । माथिको पृष्ठभूमि हेर्दा नेपाललाई धार्मिक स्वतन्त्रता भएको देश भने पुग्ने थियो । समाजवादप्रति प्रतिबद्ध राज्यका रूपमा उभ्यायो तर समाजवादको संरचना, स्वरूप र मोडेलको व्याख्या भने गरेन ।

युरोपमा त्यतिबेला चर्चको दबदबा झेलिनसक्नु भएकाले लोकतान्त्रिक ढङ्गले राज्य सञ्चालन गर्न उद्देश्यले चर्चलाई राज्य सञ्चालनबाट पृथक् राख्न यस्तो व्यवस्था गरिएको हो । राज्यको झुकाव कुनै एक धर्मप्रति नहोस्, कुनै धार्मिक संस्थाले राजनीतिमा हस्तक्षेप गर्ने वैधानिक तथा कानुनी बाटो एवं छिद्र नरहोस् र कुनै एक धर्मका नाममा एकपक्षीय ढङ्गले स्रोतको उरालधुराल गर्ने अवस्था नरहोस् भनेर त्यहाँ आधुनिक कालमा बनेका संविधान तथा कानुनमा त्यस्तो व्यवस्था गरिएको हो । त्यसमा पनि आफूलाई प्रजातन्त्रको जननी भनेर अरूलाई पाठ सिकाउँदै हिँड्ने संयुक्त अधिराज्यमा समेत धर्मनिरपेक्षताले राज्य व्यवस्था र कानुनमा स्थान पाउन १९६० को दशक कुर्नु पऱ्यो । अमेरिकाले सामान्यतया आफूलाई धर्मनिरपेक्ष भन्छ ।

अमेरिकी संविधानले धर्मनिरपेक्षता शब्दलाई स्पष्ट रूपमा उल्लेख गर्दैन । बरु संविधानले धर्मनिरपेक्षताको आधारभूत सिद्धान्तका रूपमा चर्च र राज्य व्यवस्थालाई पृथक् राख्ने प्रबन्ध गरेको संविधानको पहिलो संशोधनमा फेला पार्न सकिन्छ । बरु इस्टेब्लिसमेन्ट वा स्थापना भन्ने खण्डले कंग्रेसलाई कुनै धर्मको समर्थन गर्ने गरी कुनै पनि कानुन बनाउन निषेध गर्छ । यसको अर्थ सरकारले एउटा धर्मको तुलनामा अर्को धर्मलाई प्राथमिकता दिन वा गैरधर्मभन्दा धर्मलाई प्रवर्धन गर्न सक्दैन भन्ने हो । अनि अर्को खण्डले कुनै पनि व्यक्ति आफूलाई उपयुक्त लागेको कुनै धर्म मान्न वा कुनै पनि धर्म नमान्न स्वतन्त्र छ भनी यसबारे अभ्यास गर्ने व्यक्तिगत स्वतन्त्रताको रक्षा पनि गरेको छ । यद्यपि यस्तो स्वतन्त्रता त्यतिबेलासम्म उपभोग गर्न पाइन्छ, जबसम्म त्यस्ता अभ्यासले सार्वजनिक नैतिकता वा बाध्यकारी सार्वजनिक हितलाई उल्लंघन गर्दैनन् । त्यहाँको सर्वोच्च अदालतले विभिन्न कालखण्डमा गरेका विभिन्न निर्णयले पनि अमेरिकी कानुन र शासनमा धर्मनिरपेक्षताको सिद्धान्तका आधारमा धार्मिक स्वतन्त्रताबारे थप व्याख्या गरेको पाइन्छ ।

यस पृष्ठभूमिमा हेर्दा नेपालको पृष्ठभूमि नितान्त फरक छ । यहाँको स्रोतसाधन वितरणको अवस्था, चेतनाको स्तर, सामाजिक संरचना र सांस्कृतिक चरित्र पनि फरक छ । आर्थिक तथा स्रोतसाधनको वितरण र प्रयोगको दृष्टिले नेपालको समाज पुँजीपति, मध्यम वर्ग, निम्न वर्ग, किसान, साना किसान, ठुला उद्योगी, मझौला एवं साना उद्योगी र मजदुर तथा कृषि मजदुरका रूपमा बाँडिएको छ । विश्व परिवेशलाई हेर्दा पनि पुँजीवादले विभिन्न हन्डर ठक्कर खाएर यसका चरित्रमा बदलाव आउँदै छ भने परम्परागत वा अधिनायकवादी चरित्रको मार्क्सवादी समाजवादले ठुलो आरोहअवरोह पार गरेर हिजोको संरचनामा परिवर्तन ल्याउनुपर्ने अवस्थामा पुगेको छ ।

नेपालको सन्दर्भमा मार्क्सवादको व्याख्या र अभ्यासको विषयलाई नेपालकै आर्थिक, सामाजिक र सांस्कृतिक चरित्र अनुसार प्रचलनमा ल्याउने गरी तथा समाजवादको संरचना र चरित्र पनि खुल्ने गरी नेपालीपनको अर्थ सामाजिक संरचना, धर्म र संस्कृतिको आलोकमा संविधानमा समेत पुनरावलोकन गर्नुपर्ने देखिन्छ । संविधानलाई बढीभन्दा बढी स्वीकार्य र गतिशील बनाउने हो, नेपालका राजनीतिक दल यस विषयमा एक ठाउँमा आउनुपर्ने बेला भएको छ ।

# अन्नपूर्ण आधार शिविरमा ध्वनि यन्त्र लैजान निषेध

झापा(प्रस) । पदयात्राका लागि विश्वप्रख्यात अन्नपूर्ण आधार शिविरमा चर्को ध्वनि निकाल्ने यन्त्र लैजान निषेध गरिएको छ । चर्को आवाजले शान्त हिमाली क्षेत्रमा पदयात्रा गरिरहेका पर्यटकको एकाग्रता खल्बलिने र यात्रामा बाधा पुग्ने भएकाले उक्त निर्णय गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ ।

आयोजना प्रमुख डा. रविन कडरियाले पदयात्राका क्रममा वा होटलमा बास बस्दा चर्को आवाजमा गीत बजाउने, होहल्ला गर्नेजस्ता क्रियाकलाप नगर्न पर्यटक र सर्वसाधारणलाई आग्रह गरे । "आधार शिविर पुग्नुअगावै छोम्रोङ गाउँमा ध्वनि यन्त्रलाई राखेर जान र फर्कँदा लिएर आउन पर्यटकलाई अनुरोध गरिरहेका छौँ", उनले भने, "अनुगमनका क्रममा कसैले त्यस्ता क्रियाकलाप गरेको भेटिएमा सामान जफत गर्छौं ।"

पदयात्रामा जाने कतिपयले पर्यटकले चर्को आवाजमा गीत बजाउँदा अन्य पदयात्रीलाई असर पुगेको गुनासो आएपछि चर्को ध्वनि लैजान रोक लगाइएको आयोजना प्रमुख डा. कडरियाले बताए । आयोजना कार्यालयले उक्त कार्यमा कडाइ सुरु गरेपछि पर्यटकले कास्कीको अन्नपूर्ण गाउँपालिका-११ छोम्रोङमै त्यस्ता ध्वनि यन्त्र राखेर आधार शिविरतर्फ जान थालेका छन् । शान्त र प्रकृतिमय वातावरणमा पदयात्रा गर्न बर्सेनि ठूलो संख्यामा स्वदेशी तथा विदेशी पर्यटक अन्नपूर्ण आधार शिविर पुग्ने गरेका छन् । आयोजना प्रमुख डा. कडरियाका अनुसार अनुमतिबिना उक्त क्षेत्रमा 'ड्रोन' क्यामेरा पनि प्रयोग गर्न पाइँदैन । कसैले अटेर गरी 'ड्रोन'बाट आधार शिविरको दृश्य कैद गरेमा क्यामेरा जफत गरिने उनको भनाइ छ । अन्नपूर्ण आधार शिविरसहित ' एक्याप'भित्र पर्ने पर्यटकीय गन्तव्यस्थलको सरसफाई अभियान पनि चलिरहेको आयोजना प्रमुख डा. कडरियाले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्रलाई फोहोरमुक्त बनाउन समुदायस्तरमा उक्त अभियान थालिएको हो । आयोजना कार्यालयले अन्नपूर्ण आधार शिविरमा सिसा र प्लाष्टिकका बोतल लैजान प्रतिबन्ध लगाएको छ । मर्दी हिमाल, तारा हिलटपलगायत क्षेत्रमा पनि सिसा र प्लाष्टिकजन्य सामग्री नलैजान र भएको फोहर आफैँले लिएर आउन पर्यटकलाई आग्रह गरिएको आयोजना प्रमुख डा. कडरियाले बताए ।

पदमार्ग र बस्ती क्षेत्रमा भएको फोहरलाई वर्गीकरण गरेर व्यवस्थापन गर्न सुरु गरिएको उनको भनाइ छ । होटल व्यवस्थापन समिति, आमा समूहलगायत परिचालित गरेर फोहोर व्यवस्थापनको काम अगाडि बढाइएको हो । पर्यटकीय क्षेत्रमा सङ्कलन भएको फोहोरलाई पोखरामा ल्याइ प्रशोधन गर्ने योजना 'एक्याप'ले बनाएको छ ।

अन्नपूर्ण क्षेत्रको भ्रमणमा जाने आन्तरिक तथा बाह्य पर्यटकलाई सकभर पुनःप्रयोगमा आउने सामग्री लिएर जान अनुरोध गरिएको छ । "पर्यटकीयस्थलमा जथाभावी फोहोर हुँदा राम्रो सन्देश नजाने हुँदा फोहोर व्यवस्थापनलाई अभियानकै रूपमा सुरु गरिएको हो", आयोजना प्रमुख डा. कडरियाले भने ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ । बर्सेनि असोज-कात्तिक र चैत-वैशाखको याममा उक्त क्षेत्रको पदयात्रा गर्ने पर्यटकको घुइँचो नै लाग्ने गर्छ ।

# खाद्यवस्तुको मूल्यवृद्धि उच्च



झापा(प्रस) । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको पहिलो तीन महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गैरखाद्य वस्तुको तुलनामा खाद्य वस्तुको मूल्यवृद्धि भएको छ । मुख्यगरी तरकारी र गेडागुडीको मूल्यमा उच्च वृद्धि देखिएको हो । "२०८१ असोजमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा मुद्रास्फीति सात दशमलव ५० प्रतिशत थियो", प्रतिवेदनमा भनिएको छ, "समीक्षा महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति सात दशमलव १८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ४९ प्रतिशत छ ।"

खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत तरकारी उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २५ दशमलव १५ प्रतिशतले वृद्धि भएको छ । जुन सबैभन्दा उच्च मूल्यवृद्धि हो । त्यस्तै, दाल तथा गेडागुडीको १० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव ५७ प्रतिशत र घिउ तथा तेलको चार दशमलव ९८ प्रतिशतले वृद्धि भएको छ ।

यो अवधिमा केही वस्तुको मूल्य भने घटेको छ । माछा तथा मासु उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव १८ प्रतिशत, मरमसलाको शून्य दशमलव ७९ प्रतिशत र चिनी तथा चिनीजन्य पदार्थको शून्य दशमलव ७८ प्रतिशतले घटेको छ ।

गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १० दशमलव ४९, मदिराजन्य पेय पदार्थको छ दशमलव ३२, कपडाजन्य तथा जुत्ता चप्पलको छ दशमलव १२ प्रतिशत र घरायसी उपकरणको चार दशमलव ८८ प्रतिशतले बढेको छ ।

गत असोजमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच प्रतिशतले वृद्धि भएको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क चार दशमलव ७६ प्रतिशतले वृद्धि भएको छ ।

प्रदेशगत रुपमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति छ दशमलव २६, मधेश प्रदेशको पाँच दशमलव ०८, बागमती प्रदेशको चार दशमलव २४ र गण्डकी प्रदेशको तीन दशमलव ९८ प्रतिशत रहेको छ । त्यस्तै, लुम्बिनी प्रदेशको चार दशमलव ४२, कर्णालीको तीन दशमलव २५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको छ दशमलव ५६ प्रतिशत छ ।

काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ५०, तराईको पाँच दशमलव २३, पहाडको चार दशमलव ३२ प्रतिशत र हिमालको पाँच दशमलव ०८ प्रतिशत छ ।

# भिजिट भिसा दुरुपयोगबारे अध्ययन गर्ने टोली गठन

झापा(प्रस) । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भम्रण भिसाको दुरुपयोग रोक्ने विषयमा अध्ययन गर्ने निर्णय गरेको छ ।

श्रममन्त्री शरतसिंह भण्डारीको संयोजकत्वमा भएको छलफलले श्रम मन्त्रालय सहसचिव एवं



वैदेशिक रोजगार व्यवस्थापन महाशाखाका प्रमुख जीवलाल भुसालको नेतृत्वमा भम्रण भिसा दुरुपयोग रोक्न अध्ययन गर्ने निर्णय गरेको हो ।

श्रम मन्त्रालयका अनुसार छलफलमा श्रममन्त्री भण्डारी, श्रम मन्त्रालयका सहसचिव भुसाल अध्यागमन विभागका महानिर्देशक गोविन्दप्रसाद रिजाल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय प्रमुख तीर्थराज भट्टराईलगायतको सहभागिता रहेको थियो ।

मन्त्रालयका अनुसार भुसाल नेतृत्वको टोलीमा अध्यागमन विभाग, गृह मन्त्रालयलगायतका सरोकारवाला मन्त्रालयको प्रतिनिधि रहने छन् । उक्त टोलीले भम्रण भिसाको दुरुपयोग रोक्नेसम्बन्धमा १५ दिनभित्र अध्ययन गरी श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय गृह मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्ने छ ।

पछिल्लो समयमा भ्रमण भिसामा वैदेशिक रोजगारीमा जाने प्रचलन बढेको छ । भ्रमण भिसामा वैदेशिक रोजगारीमा जान लाखौँ रकम ठगीमा पर्ने र भम्रण भिसामा गएर गन्तव्य देशमा भनेजस्तो काम नपाएर अलपत्र पर्नेको संख्या बढेपछि श्रम मन्त्रालयले अध्ययन टोली गठन गरेको जनाएको छ ।

उक्त टोलीले भ्रमण भिसामा के कस्ता नागरिक, कुन माध्यमबाट के कसरी, कुन कुन देश जान्छन् भन्ने विषयमा अध्ययन गर्ने छ । नौ वर्षदेखि घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारीमा जान प्रतिबन्ध छ । प्रतिबन्धबिच पनि नेपाली महिला भारत, श्रीलङ्का, बङ्गलादेश हुँदै भ्रमण भिसामा संयुक्त अरब इमिरेट्स (युएई), कतार, बहराइन, साउदी अरब, ओमान, कुवेत, लेबनानलगायतका देश लैजाने गरिएको छ ।

वैदेशिक रोजगार व्यवसायीले पनि विगतदेखि नै भम्रण भिसामार्फत वैदेशिक रोजगारीमा लैजाने प्रवृत्ति अन्त्य गर्नुपर्ने माग गर्दै आएका थिए ।

# ३ महिनामा भित्रियो ४ खर्ब रेमिट्यान्स



झापा(प्रस) । चालु आर्थिक वर्षको पहिलो तीन महिनामा रेमिट्यान्स आप्रवाह ११.५ प्रतिशतले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार साउनदेखि असोजसम्मको अवधिमा ४ खर्ब ७ अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स मुलुक भित्रिएको हो । अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ३ अर्ब ४ करोड पुगेको छ ।

तीन महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि १ लाख ७० हजारभन्दा बढी युवा बिदेसिएका छन् । तथ्याङ्क अनुसार असोजसम्म संस्थागत तथा व्यक्तिगत रूपमा नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्या १ लाख १० हजार ६५४ छ । त्यस्तै ५९ हजार ९३९ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः १ लाख १३ हजार ३९७ र ४९ हजार २९७ थियो ।

# नेपाली कफी अन्तर्राष्ट्रिय बजारमा अब्बल



झापा(प्रस) ।राष्ट्रिय चिया तथा कफी विकास बोर्डले यही मंसिर ७ गते राष्ट्रिय कफी दिवस भृकुटीमण्डपमा आयोजना गर्ने भएको छ । कफी विकासका क्षेत्रमा क्रियाशील व्यवसायीहरूबाट नेपाली कफीको 'स्टल' सञ्चालन तथा प्रदर्शनी, विभिन्न थरिका कफीको ब्रिबिङ्ग तथा टेस्टिङ्ग गर्ने गराइन लागेको हो ।

कफी सहकारी संघहरूबाट सञ्चालित कफीसम्बन्धी गतिविधिको प्रदर्शनी गर्ने उक्त दिवसमा नेपालको कफी क्षेत्रको वर्तमान अवस्था, नीतिगत व्यवस्था तथा आगामी कार्यदिशा विषयक प्रस्तुतीकरण एवं अन्तरक्रिया कार्यक्रम गरिने बोर्डका कार्यकारी निर्देशक वेनुपराज प्रसाईंले जानकारी दिए । कफी उत्पादक संस्था तथा किसान उद्यमी, जिल्ला कफी सहकारी संघ, प्रारम्भिक कफी सहकारी संस्थालाई विशेष सम्मान र पुरस्कृत गरिने छ । बोर्डका अनुसार आर्थिक वर्ष २०७९-८० को तथ्याङ्कानुसार रु १३ करोड चार लाखबराबरको ७७ मेट्रिक टन कफी निर्यात हुँदा रु ३२ करोड ५८ लाख बराबरको चार सय ५० टन कफी आयात भएको थियो ।

आव २०८०-८१ मा रु १४ करोड ९२ लाखबराबरको ८९ टन कफी निर्यात हुँदा रु ४१ करोड ९८ लाखबराबरको चार सय ४३ टन कफी आयात भएको तथ्याङ्क छ ।

आव २०८०-८१ मा देशभर पाँच सय मेट्रिक टन ग्रिनवीन कफी उत्पादन भएको छ भने जम्मा छ सय ५४ हेक्टरमा नयाँ रोपण भएको छ । चार हजार तीन सय नौ हेक्टर जग्गामा कफीखेती विस्तार भएको छ । कुल उत्पादनको झण्डै १७ प्रतिशत कफी विदेश निर्यात भएको बोर्डका निर्देशक दीपक खनालले जानकारी दिए । नेपाली कफीले अन्तर्राष्ट्रिय बजारमा स्वाद र गुणस्तरका हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । बोर्डका अधिकृत चन्द्र पुरीका अनुसार नेपाली कफी निर्यात हुँदा सरदर प्रतिकेजी १६ डलर प्राप्त गर्दै आएको छ ।

# विदेश पढ्न जानेले तीन महिनामै लगे ३२ अर्ब



झापा(प्रस) । राष्ट्र बैंकले प्रकाशित गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८१-८२ को तीन महिना (साउनदेखि असोजसम्म) मा विदेश पढ्न जानले ३२ अर्ब १७ करोड रूपैयाँ लगेका छन् । यो अवधिमा नेपाल पढ्न आउनेले ७२ करोड भित्र्याएका छन् । त्यस्तै, उपचारको लागि ९ करोड ४७ लाख बाहिरिएको छ भने अन्य काममा सात अर्ब २६ करोड रूपैयाँ बाहिरिएको छ।

व्यवसाय उद्देश्यले हुने भ्रमण लगायतमा भने २२ अर्ब ५१ करोड रूपैयाँ बाहिरिएको छ।

यसरी यस्ता वैदेशिक यात्राको क्रममा नेपालबाट ५५ अर्ब रूपैयाँ बाहिँरिदा १७ अर्ब मात्रै भित्रिएको छ।

यो तीन महिनामा चार खर्ब सात अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएकोले पर्याप्त विदेशी मुद्राको सञ्चिति छ।

विदेशी मुद्राको सञ्चिति हालसम्मकै उच्च २२ खर्ब रूपैयाँ कटेको छ। यसले अहिलेकै अवस्थामा १४ महिनाभन्दा धेरैको आयात धान्छ।

# धनकुटामा एभोकाडो तथा स्थानीय उत्पादनको प्रदर्शनी



झापा(प्रस) । धनकुटा नगरपालिकाले मंगलबार एभोकाडो तथा स्थानीय उत्पादनको प्रदर्शनीको आयोजना गरेको छ । २०७५ सालमा एभोकाडोको राजधानी घोषणा गरेको नगरपालिकाले विगतमा एभोकाडो महोत्सव आयोजना गर्दै आएको थियो। यस वर्ष भने एभोकाडोसहित अन्य स्थानीय उत्पादनको प्रदर्शनी आयोजना गरेको हो।

एभोकाडो लगायत स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको नगरप्रमुख चिन्तन तामाङले बताए। कृषि क्षेत्रको प्रोत्साहन र बजारीकरणको लागि नगरपालिकाले योजना प्राथमिकतामा राखेको उनले जनाए।

प्रदर्शनी कक्षमा विभित्र २० स्टलहरु समावेश छन्। प्रदर्शनीको उद्घाटन कोशी प्रदेशसभाका सदस्य निरन राईले गरेका थिए। उक्त अवसरमा कृषकहरुले विचौलियाका कारण आफ्ना उत्पादनको उचित मूल्य हात नपरेको गुनासो गरे। कार्यक्रममा विभित्र सांस्कृतिक प्रस्तुति तथा नृत्य समेत प्रस्तुत गरिएको थियो ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: इस्का कारण बनिसकेको काममा दुविधा उत्पन्न हुन सक्छ । भोजभतेरमा सामेल

वृष: रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

मिथुन: छोटो दूरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ

सिंह: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ

कन्या: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

तुला: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक: आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु: आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर: मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मीन: रोकिएका काम पुनः सुरु हुन सक्छ ।